थाहानगर प्लाष्टिकजन्य झोलाको विकल्पमा जाँदै । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

# विकास

www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१७, अंक-४७ ● २०८२ जेठ २६ गते सोमबार, ● 09 June, 2025, ● नेपाल सम्वत्-११४५, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## दश पालिकालाई ४ अर्ब ७४ करोड २५ लाख संघीय वित्तीय हस्तान्तरण




विकास संवाददाता
थाहानगर

आर्थिक वर्ष २०८२/०८३ का लागि संघीय सरकारबाट मकवानपुरका दश स्थानीय तहका लागि ४ अर्ब ७४ करोड २५ लाख रूपैयाँ वित्तीय हस्तान्तरण मार्फत बजेट विनियोजन भएको छ । आर्थिक वर्ष २०८२/०८३ का लागि गरिएको बजेट भाषण मार्फत उक्त बजेट विनियोजन गरिएको हो । संघीय सरकारले वित्तीय हस्तान्तरण अन्तर्गत वित्तीय समानीकरण, सशर्त, विशेष र समपूरक अनुदान प्रदेश तथा स्थानीय तहलाई पठाउने गरिएको छ ।

अघिल्ला वर्षहरूमा जस्तै वित्तीय हस्तान्तरण मार्फत प्राप्त हुने बजेटको आकारमा हेटौंडाले सबैभन्दा बढि पाएको छ । हेटौंडा उपमहानगरपालिकाले समानीकरण अनुदान २९ करोड ७६ लाख, सशर्त अनुदान ८३ करोड ४९ लाख, विशेष अनुदान १ करोड ५० लाख र समपूरक अनुदान ४ करोड ७५ लाख गरी कुल १ अर्ब १९ करोड ५० लाख रूपैयाँ पाएको छ । त्यसोत: थाहा नगरपालिकालाई बकैया गाउँपालिकाले उछिनेको छ । आगामि आर्थिक वर्षका लागि थाहा नगरपालिकाले ४६ करोड ५४ लाख बजेट प्राप्त गर्दा बकैयाले ५१ करोड ३१ लाख रूपैयाँ बजेट पाउने भएको छ ।

थाहानगरले समानीकरण १२ करोड ३९ लाख, सशर्त ३१ करोड ६६ लाख, विशेष २ करोड र समपूरक अनुदान ४९ लाख रूपैयाँ पाएको छ भने बकैयाले समानीकरण १२ करोड ९५ लाख, सशर्त ३६ करोड ६७ लाख, विशेष अनुदान ७५ लाख र समपूरक अनुदान १ करोड पाएको छ । जिल्लाकै सबैभन्दा सानो पालिका इन्द्रसरोवर गाउँपालिकाले समानीकरण अनुदान ७ करोड ११ लाख सशर्त अनुदान १२ करोड ८१ लाख विशेष ६८ लाख र समपूरक अनुदान ७६ लाख गरी कुल २१ करोड ३६ लाख रूपैयाँ पाएको छ । इन्द्रसरोवर जिल्लामै सबैभन्दा कम बजेट पाउने पालिका हो । कैलाश गाउँपालिकाले समानीकरण अनुदान ९ करोड ८३ लाख, सशर्त अनुदान १९ करोड ३४ लाख, विशेष अनुदान ७५ लाख र समपूरक अनुदान २ करोड ५८ लाख रूपैयाँ गरी कुल ३२ करोड ५० लाख रूपैयाँ पाएको छ । बागमती गाउँपालिकाको लागि समानीकरण अनुदान ११ करोड ७० लाख, सशर्त अनुदान २९ करोड ६१ लाख, विशेष अनुदान ३ करोड ८५ लाख र समपूरक अनुदान ९० लाख रूपैयाँ गरी कुल ४६ करोड ६ लाख विनियोजन भएको छ । भीमफेदी गाउँपालिकाको लागि समानीकरण अनुदान १० करोड ५२ लाख, सशर्त अनुदान ३० करोड १४ लाख, विशेष अनुदान ५५ लाख र समपूरक अनुदान ३ करोड ४१ लाख गरी कुल ४४ करोड ६२ लाख रूपैयाँ विनियोजन भएको छ ।

मकवानपुरगढी गाउँपालिकाले समानीकरण अनुदान १० करोड ७ लाख, सशर्त २९ करोड ४ लाख, विशेष अनुदान २ करोड र समपूरक अनुदान १ करोड ५० लाख रूपैयाँ गरी ४२ करोड ६१ लाख रूपैयाँ विनियोजन भएको छ । मनहरी गाउँपालिकाले समानीकरण अनुदान १२ करोड ५३ लाख, सशर्त अनुदान २२ करोड ४४ लाख, विशेष अनुदान ९० लाख र समपूरक अनुदान ५२ लाख करी कुल ३६ करोड ३९ लाख रूपैयाँ विनियोजन गरेको छ । राक्सिराङ गाउँ पालिकाले समानीकरण अनुदानतर्फ १० करोड २५ लाख, सशर्त अनुदान २० करोड ६१ लाख, विशेष १ करोड ७५ लाख र समपूरक अनुदान ६८ लाख रूपैयाँ गरी कुल ३३ करोड २९ लाख रूपैयाँ बजेट विनियोजन भएको छ ।

मकवानपुरका लागि कुल समानीकरण १ अर्ब २७ करोड ११ लाख, सशर्त अनुदान ३ अर्ब १५ करोड ८२ लाख, विशेष अनुदान १४ करोड ७३ लाख र समपूरक अनुदान १६ करोड ५९ लाख वित्तीय हस्तान्तरण मार्फत बजेट प्राप्त भएको छ ।

## शन्तराम विडारी: थाहानगरबाटै पहिलो प्रेस काउन्सिलको सदस्य

◆ विकास संवाददाता



शन्तराम विडारी प्रेस काउन्सिल नेपालको सदस्यमा मनोनित भएका छन् । विडारी मकवानपुर थाहा नगरपालिका क्षेत्रबाटै पहिलो पटक प्रेस काउन्सिल नेपालको सदस्यमा मनोनित भएका व्यक्ति हुन् । उनी थाहा नगरपालिका वडा नम्बर ६ का स्थायी बासिन्दा हुन् ।

लामो समयदेखि पत्रकारिता र पत्रकारिताकै प्राध्यापकको रूपमा रहेका विडारीसहित ६ जनालाई सरकारले सदस्यमा मनोनित गरेको छ । मकवानपुरबाटै यसरी मनोनित हुने विडारी दोस्रो व्यक्ति हुन् । पहिलो पटक हिरण्ड्यलाल श्रेष्ठलाई वि.सं. २०४८ सालमा बोर्ड सदस्य र त्यसअघि वि.सं. २०४७ सालमा बोर्डको सल्लाहकारमा सरकारले मनोनित गरेको थियो ।

सरकारको १२ जेठको निर्णयानुसार निमा काफ्ले, नकुल अर्याल, शन्तराम बिडारी, भीमलाल श्रेष्ठ, बालकृष्ण अधिकारी र पदमराज जोशी काउन्सिलको सदस्यमा नियुक्त भएका छन् । उनीहरूको पदावधि चार वर्षको हुनेछ ।

बोर्ड सदस्यमा नियुक्त भएपश्चात् प्रतिक्रिया दिदै सदस्य विडारीले भने 'महत्वपूर्ण जिम्मेवारी प्रदान गर्नुहुने माननीय मन्त्रीज्यू तथा सम्बन्धित सबैप्रति हार्दिक आभार र कृतज्ञता प्रकट गर्दछु ।' त्यस्तै, विडारीले मनोनयनप्रति बधाई दिँदै कार्यकाल सफल होस् भन्ने शुभेच्छा व्यक्त गर्नुहुने सबै महानुभावहरूप्रति पनि म अन्तरहृदयदेखि नै धन्यवाद ज्ञापन गरेका छन् ।

## काउन्सिलका नवनियुक्त बोर्ड सदस्य विडारी को हुन् ?

मकवानपुर थाहा नगरपालिका वडा नं ६, टिस्टुङ बज्रबाराहीका स्थायी बासिन्दा शन्तराम बिडारी विगत एक दशकदेखि पत्रकारिता तथा आम सञ्चार विषय अध्यापन गर्दै आइरहेका छन् भने हाल त्रिभुवन विश्वविद्यालय अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पसमा पत्रकारिता तथा आमसञ्चार विषयको प्राध्यापन कार्यमा क्रियाशील छन् ।

विगत दुई दशकदेखि सक्रिय पत्रकारका रूपमा नेपाल समाचारपत्र दैनिक, गोरखापत्र दैनिक, एबिसी टेलिभिजन, बुधबार साप्ताहिक, साँघु साप्ताहिक लगायत विभिन्न मिडियामा काम गर्दै आएका उनी हाल दामन पोष्ट साप्ताहिक र दामन पोष्ट डटकमको सम्पादकका रूपमा पनि कार्यरत छन् । उनले यसअघि जनसञ्चार साप्ताहिक र साप्ताहिक आवाज साप्ताहिकको कार्यकारी सम्पादक, अनलाइन पोर्टल नेप्लिज डट ओआरजीको वरिष्ठ सहसम्पादक र सेन्टर खबर डटकमको सम्पादक भएर समेत काम गरिसकेका छन् । बिडारीले रत्नराज्य लक्ष्मी क्याम्पसबाट पत्रकारिता तथा आमसञ्चार विषयमा आइए, बिए र त्रिवि कै केन्द्रीय पत्रकारिता तथा आमसञ्चार विभागबाट एमए पास तथा नेपाल ल क्याम्पसबाट एलएलबी गरेका छन् ।

उनी अहिले त्रिभुवन विश्वविद्यालय पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागबाट एमफील–पिएचडी गर्दैछन् । उनीसँग नेपाल पत्रकार महासङ्घको केन्द्रीय समिति सदस्य एवं पत्रकारिता तथा आमसञ्चार प्राज्ञिक समन्वय विभागको विभागीय प्रमुख तथा त्यसअघि सबैभन्दा ठुलो जिल्ला शाखा काठमाडौं जिल्ला शाखाको अध्यक्षका रूपमा पत्रकार को नेतृत्वमा रहेर काम गरेको अनुभव छ । पत्रकार, अध्यापक, अध्येता र प्रशिक्षकको परिचय बनाएका बिडारीले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा प्रेस सल्लाहकार, विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) को नेपाल कार्यालयमा मिडिया एण्ड कम्युनिकेशन स्पेशलिस्ट, युएनडीपी संसदीय सहयोग परियोजनामा अनुसन्धाताका रूपमा काम गरेका थिए । साथै उनले अघिल्लो वर्ष मात्र त्रिभुवन विश्वविद्यालयको स्नातक तह तेस्रो वर्षको पत्रकारिता पाठ्यक्रम अन्तर गत 'आमसञ्चारको परिचय'नामक पुस्तक समेत प्रकाशनमा ल्याएका छन् ।

सञ्चारका मुद्दाहरूमा आलोचनात्मक चेत सहित कलम चलाउन रूचाउने उनले विभिन्न राष्ट्रिय दैनिक र अनुसन्धानमूलक जनर्लहरूमा स्वतन्त्र पत्रकारका हिसावमा टिप्पणी र विश्लेषणहरू लेख्दै आएका छन् । उनले चीन, भारत, यूएई लगायतका देशहरूको भ्रमण गरी विभिन्न अन्तराष्ट्रिय स्तरका सेमिनारहरूमा सहभागिता समेत जनाएका छन् ।

सञ्चार सीप तथा कम्प्युटर सम्बन्धी काम सबै काम एकै ठाउँमा



पालिका प्रेस
इन्द्रसरोवर-१ मकवानपुर
सम्पर्क: ९८५५०३७५६१
palikapress.com@gmail.com

हाम्रा सेवाहरू :
समाचार लेखन तथा सम्पादन
समाचार पत्र सेटिङ
फोटो, भिडियो तथा अडियो पत्रकारिता
अनलाइन पत्रकारिता
कम्प्युटर सम्बन्धी आधारभूत सीप

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००

# • सम्पादकीय •

## स्थानीय तहको योजना तर्जुमाको सवाल

स्थानीय तहले प्रत्येक वर्ष योजना, कार्यक्रम छनोट र बजेट विनियोजन गरी स्वीकृत गरेपश्चात् मात्र कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ । यस प्रक्रियालाई वार्षिक योजना तर्जुमा प्रक्रिया भनिन्छ । वार्षिक विकास कार्यक्रमको तर्जुमा र कार्यान्वयन अति महत्वपूर्ण छ । वार्षिक विकास कार्यक्रमलाई योजनाको सोच, लक्ष्य र उद्देश्यसँग तादात्म्यता मिलाउन मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्दछ । वार्षिक विकास योजना तर्जुमा गर्दा नेपालको संविधानमा व्यवस्था भएका नीति, मौलिक हक, निर्देशक सिद्धान्त, सम्बद्ध अनुसूची, स्थानीय तहको आवधिक योजना, प्रदेश तथा राष्ट्रिय योजनामा उल्लिखित उद्देश्य, रणनीति तथा प्राथमिकतालाई ध्यान दिनु पर्दछ । साथसाथै स्थानीय आवश्यकता, सम्भावना, समस्या र चुनौती र नेपाल सरकारको नीति, कार्यक्रम र प्राथमिकता दिनु पर्दछ । त्यसैगरी दिगो विकास लक्ष्य, नेपाल सरकारले गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई समेत ध्यान दिनु पर्दछ । वार्षिक योजना तर्जुमा गर्दा सहभागितामूलक प्रक्रिया अनुसार चरणबद्ध रूपमा तर्जुमा गर्नुपर्ने हुन्छ । सोका लागि कानुनले विभिन्न संस्थागत संयन्त्रको व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएका वार्षिक योजना तर्जुमासँग सम्बन्धित संस्थागत संयन्त्रमा स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, वडा समिति, विषयगत समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति पर्दछन् । उक्त संयन्त्रमा उल्लेख भएका काम, कर्तव्य र अधिकारलाई पालना गर्नु पर्दछ ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा गरेका व्यवस्थालाई एकीकृत गरी स्थानीय तहको वार्षिक योजनाका चरण तथा कार्यहरू तय गरिएको छ । जस अनुसार स्थानीय तहको वार्षिक योजना तर्जुमा प्रक्रियालाई सात चरण वर्गीकरण गरिएको छ । प्रत्येक वर्ष आगामी आर्थिक वर्षका लागि स्थानीय तहले वस्तुस्थिति विवरण तयार तथा अद्यावधिक गर्ने, विषयगत क्षेत्र छुट्याउने कार्य गर्नु पर्दछ । स्थानीय राजस्व परामर्श समितिले आन्तरिक राजस्वका स्रोत, दायरा र दरसमेतको विश्लेषण गरी आगामी आर्थिक वर्षका लागि प्राप्त हुन सक्ने आन्तरिक स्रोतको अनुमान गर्नु पर्दछ । समितिले आन्तरिक आयको अनुमानको साथै बाह्य स्रोतबाट प्राप्त हुन सक्ने राजस्वको पनि प्रारम्भिक अनुमान कार्यपालिकामा पुस १५ गतेभित्र पेस गर्नु पर्दछ । राजस्व परामर्श समितिले पेस गरेको प्रतिवेदनमाथि कार्यपालिकाले छलफल गरी तोकिएको ढाँचामा पुष मसान्तचित्र संघ तथा प्रदेशमा पठाउनु पर्दछ । यि लगायत नगरसभासम्म पुग्नका लागि विभिन्न चरणहरु पार गर्दै वार्षिक बजेट पास गर्नु पर्दछ ।

स्थानीय तहको बजेट वक्तव्य, आर्थिक एवं विनियोजन विधेयक तथा राजस्व, व्यय र वित्तीय व्यवस्थाको अनुमान र वार्षिक कार्यक्रम कार्यपालिकाबाट स्वीकृत गर्ने बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरी पेस गरेको बजेट वक्तव्य, राजस्व, व्यय र वित्तीय व्यवस्था बजेट, मध्यमकालीन खर्च संरचना, वार्षिक विकास कार्यक्रम, आर्थिक तथा विनियोजन विधेयकसम्बन्धी दस्तावेजसहितको एकीकृत वार्षिक बजेट तथा कार्यक्रमको प्रस्ताव अध्यक्ष वा प्रमुखले कार्यपालिकाको बैठकमा पेस गर्नुपर्ने छ । सबै प्रक्रिया पूरा गरी तयार गरेको वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि सबै एक जुट हुन सके अपेक्षित नतिजा हासिल गर्न सकिन्छ । तसर्थ प्रक्रिया र कार्यान्वयनमा सँधै चनाखो हुनु आवश्यक छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# बेरूजु बढे पनि सरकारको अनदेखा



◆ रत्न प्रजापति

आर्थिक कारोबारको लेखापरीक्षणका क्रममा रूजु हुन नसकेको रकम र कानुनसम्मत रूपमा खर्च नभएको र कमलाई बेरूजु मान्ने गरिएको छ। आर्थिक अनुशासन कायम नहुँदा अथवा वित्तीय अराजकता बढ्दा मुलुकमा बर्सेनि बेरूजु बढिरहेको छ । बेरूजु बढ्नुलाई आर्थिक अनुशासनहीनता र चुनौतीको रूपमा पनि लिइन्छ । नेपालमा महालेखा परीक्षकको कार्यालयले हरेक वर्ष सम्माननीय र ाष्ट्रपतिसमक्ष आफ्नो वार्षिक लेखापरीक्षण प्रतिवेदन पेस गर्ने परम्परा छ ।

यो वर्ष वैशाख ३१ गते बुधबार राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पेस गरिएको महालेखा परीक्षकको कार्यालयको ६२ औँ वार्षिक लेखापरीक्षण प्रतिवेदनले कुल ७ खर्ब ३३ अर्ब १९ करोड ९ लाख रूपैयाँको अद्यावधिक बेरूजु औँल्याएको छ, जसअनुसार आर्थिक वर्ष २०८०-८१ को बेरूजु मात्रै ९१ अर्ब ५९ करोड ७९ लाख (१.८१ प्रतिशत) छ । महालेखा परीक्षकको कार्यालयले देशभरका ५ हजार ७ सय ५९ सरकारी कार्यालय, संगठित संस्था तथा अन्य संस्थाहरूको आव २०८०-८१ को कुल ९४ खर्ब ६२ अर्ब ३६ करोड ८१ लाखको लेखापरीक्षण गर्दा उपर्युक्त परिमाणको बेरूजु भेटिएको सो प्रतिवेदनमा उल्लेख छ ।

महालेखा परीक्षकको कार्यालयको ६२ औँ वार्षिक लेखापरीक्षण प्रतिवेदनले संघीय मन्त्रालय तथा मातहत निकायतर्फ आर्थिक वर्ष २०८०-८१ मा ३ हजार ९३ कार्यालयको कुल ३१ खर्ब ६ अर्ब १५ करोड ७८ लाखको लेखापरीक्षण गर्दा ४७ अर्ब ७४ करोड ३० लाख (१.५४ प्रतिशत) बेरूजु भेटिएको छ भने प्रदेश सरकारअन्तर्गत १ हजार १ सय ६५ कार्यालयको कुल ३ खर्ब ८ अर्ब ५६ करोड ११ लाखको लेखापरीक्षण गर्दा ४ अर्ब २० करोड ( १.३६ प्रतिशत) र स्थानीय तहअन्तर्गत ७ सय ६१ कार्यालयको कुल ११ खर्ब १८ अर्ब ४६ करोड ३० लाखको लेखापरीक्षण गर्दा २५ अर्ब ३२ करोड ४२ लाख (२.२८ प्रतिशत) बेरूजु भेटिएको छ। यसैगरी ६ सय ९५ सार्वजनिक संस्थान तथा विकास समितिको ५ खर्ब २२ अर्ब १३ करोड ९१ लाख र संगठिततर्फ ४५ संस्थाको ४४ खर्ब ७ अर्ब ४ करोड ७३ लाखको लेखापरीक्षण गर्दा १४ अर्ब ३३ करोड ७ लाख (२.७४ प्रतिशत) बेरूजु भेटिएको छ ।

संघीय कार्यालयको अद्यावधिक बेरूजु ३ खर्ब ७५ अर्ब ४७ करोड २५ लाख छ भने प्रदेश कार्यालयहरूको अद्यावधिक बेरूजु ३० अर्ब ४८ करोड १९ लाख र हेको छ। यसैगरी स्थानीय तहको २ खर्ब ९ अर्ब २८ करोड ९१ लाख र समिति तथा अन्य संस्थाहरूको अद्यावधिक बेरूजु १ खर्ब १७ अर्ब ९४ करोड ७४ लाख रहेको छ। यी सबैको अद्यावधिक बेरूजु ७ खर्ब ३३ अर्ब १९ करोड ९ लाख रहेको छ। महालेखा परीक्षक कार्यालयको वार्षिक लेखापरीक्षण प्रतिवेदन सार्वजनिक भएपछि बेरूजुको चर्चा सुरू भएको छ भने विज्ञहरूमाभ्र बहसको विषय पनि बनेको छ, बेरूजु। एकै वर्षमा भन्डै १ खर्बको हाराहारीमा बेरूजु बढ्नु चिन्ताको विषय हो। तैपनि बेरूजुको परिमाणले भस्किनुपर्ने सरकार भने भस्किएजस्तो देखिएको छैन। सायद सरकारलाई बेरूजुको बानी परेको छ। किनभने विगत धेरै वर्षदेखि बेरूजु बढेको बढ्यै नै छ र सरकार हेरेको हेर्‍यै छ। बेरूजुका जिम्मेवार निकाय र पदाधिकारीमाथि कुनै प्रकारको एक्सन लिन सरकार तत्पर देखिएको छैन । यस्तो त हरेक वर्ष भइरहेकै हो नि भनेझैँ गरी सरकार चुपचाप बसेको महसुस हुन्छ। खर्च प्रणाली नियन्त्रित नहुँदा अथवा आर्थिक अनुशासन कायम नहुँदा बेरूजु बढ्ने हो ।

रीतपूर्वक खर्च नगर्ने र खर्चको हिसाबकिताब रीतपूर्वक नराख्ने परिपाटीले बेरूजुले प्रश्रय पाइरहेको तथ्यलाई महालेखा परीक्षकको प्रतिवेदनमै औँल्याउने गरिएको छ । तर, आर्थिक अनुशासन कायम राख्न अथवा रीतपूर्वक खर्च गर्न र खर्चको हिसाबकिताब रीतपूर्वक राख्नमा जिम्मेवार पदाधिकारीको अरूचि वा लापरवाहीले गर्दा बेरूजु बढेको बढ्यै छ। प्रचलित कानुनबमोजिम रीत पुऱ्याई कारोबार गर्ने, रीतपूर्वक लेखा राख्ने वा मनासिब तरि काले आर्थिक कारोबार गर्ने कार्य जिम्मेवार पदाधिकारीको कर्तव्य र दायित्व हो। यस्तो कर्तव्य र दायित्व निर्वाहमा चुकेको पदाधिकारीलाई दण्डित गर्न सरकारी संयन्त्र असमर्थ हुँदै आएकाले बेरूजुका कारकहरू भन् भन् प्रोत्साहित भइर हेको महसुस हुन्छ ।

आर्थिक अनियमितता गर्ने अर्थात् बेरूजु सिर्जना गर्ने पदाधिकारीमाथि कुनै प्रकारको एक्सन लिन नसक्ने सरकारको निरीहताले गर्दा बेरूजुको समस्या सिर्जना गर्ने पदाधिकारी निरूत्साहित हुन सकेका छैनन् । प्रतिवेदनमा बेरूजु देखाउने र बेरूजु असुल्न र घटाउन सरकारलाई सुभाव दिने काम हरेक वर्ष हुँदै आएको छ। तर, सरकारले बेरूजुमा जिम्मेवार पदाधिकारीलाई कुनै कारबाही नगर्ने परि पाटीले अन्ततोगत्वा आर्थिक अनुशासनहीनता अर्थात् वित्तीय अराजकता बढेको बढ्यै छ । परिणामतः बर्सेनि बेरूजु बढेको बढ्यै छ। रीत नपुऱ्याई खर्च गर्न डराउनुपर्ने कर्मचारी फिटिक्कै डराएका छैनन्। खर्च गर्न धक मान्नु नपर्ने र अनियमितता गर्न डराउनु नपर्ने आशीर्वाद पाएका छन्, कर्मचारीले। यही आशीर्वाद र आड-भरोसाले गर्दा कर्मचारीमा रीत नपुऱ्याई खर्च गर्ने आत्मबल बढेको हो, जसले बेरूजु बढाउन सघाइरहेको छ र अर्थतन्त्रमा नकारात्मक प्रभाव पारिरहेको छ ।

सरकारी र सार्वजनिक ढुकुटीबाट रीत नपुऱ्याई अथवा औचित्य पुष्टि नगरी खर्च गर्नेले गरेकै छन्। मनोमानी रूपमा अनुदान वितरण गर्नेले गरेकै छन् । औचित्य पुष्टि नगरी कर्जामा अनुदान दिइएकै छ। उपभोक्ता समितिबाट जथाभावी विकास निर्माणका कामको ठेक्का दिइएकै छ । ठेक्कामा दिइएको कामको अनुगमन नगर्दा पनि भएकै छ। ठेकेदारले पाउनुपर्ने भुक्तानी पाएकै छन्। भुक्तानी नपाएको अवस्थामा नेता र सत्तालाई गुहार्छन्। तिनै नेता र सत्ताको प्रभाव र दबाबमा सजिलै भुक्तानी पाएकै छन् । यी सबै समस्यालाई समस्याको रूपमा लिएकै छैन, कुनै पनि सरकारले । सरकारलाई घचघच्याउने नेता र जनप्रतिनिधि पनि तैँ चुप मैँ चुप छन् । नेता-जनप्रतिनिधिलाई ठेकेदार चाहिन्छ। ठेकेदारलाई नेता-जनप्रतिनिधि चाहिन्छ । एक-अर्काबीचको सहसम्बन्धलाई यी दुवै थरीले बुभ्केकै छन् ।

सार्वजनिक खरिदका भन्भटिला प्रक्रिया, आर्थिक वर्षको अन्त्यमा मनोमानी ढंगले खर्च गर्ने र रकमान्तर गर्ने परिपाटीले बेरूजुलाई प्रश्रय दिएको देखिन्छ। गत आवमा मनोमानी ढंगले २ खर्ब ५६ अर्ब ४१ करोड ३ लाख र कमान्तर गरिएको छ । बर्सेनि बेरूजुको आकार बढ्दै गरेको अवस्थामा त्यसलाई घटाउन मुख्य भूमिका निर्वाह गर्नुपर्ने संसद्को सार्वजनिक लेखा समिति नै सत्ता र नेताको प्रभाव र दबाबबाट मुक्त छैनन्, जसले गर्दा बेरूजु घट्नुको साटो बढेको बढ्यै छ। बेरूजुको आकार बढ्नुले आर्थिक अनियमितताको संकेत गरेको छ र मुलुकमा सुशासन छैन भन्ने पुष्टि गर `को छ । सत्तामा बस्नेहरू सुशासनप्रति गम्भीर नबन्दा बेरूजुले प्रश्रय पाएको छ । सत्तामा बस्नेहरू नै आर्थिक अनियमितता र भ्रष्टाचारमा संलग्न हुँदा अथवा त्यस्तो क्रियाकलापलाई प्रश्रय र संरक्षण प्रदान गर्दा बेरूजु बढ्नु अस्वाभाविक होइन र भ्रष्टाचार बढ्नु अन्यथा होइन ।

बेरूजु बढ्नु चिन्ताको विषय हो । बेरूजु बढ्नु वित्तीय अनुशासन नहुनु मात्रै होइन, राज्यकोषको दुरूपयोग पनि हो । राज्यकोषको दुरूपयोगले राज्यकोषलाई मात्र कमजोर पार्दैन, समग्र अर्थतन्त्रलाई नै प्रभाव पार्छ। समयमा बेरूजु फछ्र्योट नहुँदा वा असुलउपर हुनुपर्ने रकम असुल नहुँदा राज्यको अर्थसंरचना नै प्रभावित हुन्छ। सानो आकारको आर्थिक संरचना भएको मुलुकमा ठूलो आकारको बेरूजुले अर्थतन्त्रलाई नै कमजोर बनाइरहेको हुन्छ। नेपालको राष्ट्रिय बजेटको आकार को भन्डै आधा हिस्सा ओगट्ने बेरूजुले स्रोत परिचालन नै प्रभावित भएको देखिन्छ। ठूलो परिमाणको रकम बेरूजु भइरहँदा मुलुकको राष्ट्रिय बजेट र विकास-निर्माणका कार्य प्रभावित हुन्छ । त्यसैले बेरूजु फछ्र्योट र असुलउपर गर्नुपर्ने काममा सरकार निर्मम रूपमा प्रस्तुत हुनु आवश्यक देखिन्छ । तर, राजनीतिक आडमा बलियो बन्न पुगेको कर्मचारी संगठनका सामु सरकार नै निरीह बन्न पुगेकाले 'बेरूजु बढेको बढ्यै, सरकार हेरेको हेर्‍यै' को अवस्था विद्यमान छ ।

बेरूजु बढ्दा सत्तामा बस्नेहरूलाई लाज लाग्नुपर्ने हो । आफ्नो अक्षमता अथवा अकर्मण्यताप्रति पछुतो हुनुपर्ने हो । तर, त्यस्तो पटक्कै भएको देखिँदैन। अलिकति पनि जवाफदेही र दायित्वबोध पनि भएको देखिँदैन। चलेकै छ र चलिरहन्छ भन्ने मानसिकताले चलेको सरकारबाट बेरूजु नियन्त्रणको अपेक्षा गर्नु नै व्यर्थ भएको छ । आफैँ भ्रष्टाचार गर्ने र भ्रष्टाचार गर्नेलाई पनि संरक्षण गर्ने सरकारी मनोवृत्तिले गर्दा बेरूजु, आर्थिक अनियमितता र भ्रष्टचार जस्ता समाज र देशविरोधी क्रियाकलाप निरूत्साहित हुनै सकेको छैन। आर्थिक अनुशासन र वित्तीय उत्तरदायित्व कायम

बाँकी पेज ३ मा

## मुटु कसरी जोगाउने ?

सबै प्रकारका नसर्ने रोगहरूले बर्सेनि करोडौँ मानिसको मृत्यु भइरहेको छ । अहिलेको समय दीर्घ रोगहरू वृद्धावस्थाका साथै वयस्क मानिसको मृत्युको लागि पनि उत्तिकै जिम्मेवार रहेका छन् । मृत्युवरण गर्नेको संख्या कम तथा मध्यम आय भएका मुलुकमा बढी देखिन्छन् । मानिसको विभिन्न व्यवहारजस्तै सुर्ती सेवन, शारीरिक निष्क्रियता, मद्यपान, अस्वस्थकर खाना आदि मुटु रोगका लागि जिम्मेवार रहेको 'विश्व मुटु रोग संघ'ले जनाएको छ। दक्षिण एशियामा हृदयघात (हार्ट अट्याक/स्ट्रोक) का कारण बढी मृत्यु हुने गरेको विभिन्न अध्ययनले जनाएका छन् ।

मुटु रोगका थेरैजसो कारणहरू हाम्रा आफ्ना प्रयत्नले परिवर्तन गर्न सकिने खालका हुन्छन्। जस्तैः शारीरिक निष्क्रियता, अत्यधिक नुनको प्रयोग वा अस्वस्थकर खाना, मद्यपान, धूम्रपान, निन्द्रा आदिलाई व्यवहार परिवर्तन गरी सहजै नियन्त्रण गर्न सकिन्छ । सन् २०२१ मा प्रकाशित भएको 'ग्लोबल बर्डेन अफ् डिजिज' अध्ययन प्रतिवेदनका अनुसार मुटुरोगबाट हुने मृत्युको मुख्य कारण उच्च रक्तचाप रहेको थियो। उच्च रक्तचापपछि क्रमिक रूपमा रगतमा चिल्लो तथा चिनीको मात्रा बढ्नु, सुर्तीजन्य पदार्थको प्रयोग, वायुमण्डलको प्रदूषण र शारीरिक निस्क्रियतालाई मृत्युको जोखिम कारकका रूपमा चित्रित गरिएको थियो । परिवर्तन गर्न सकिने कारणहरूलाई न्यूनीकरण गर्न सकियो भने मुटुरोगको जोखिमबाट सजिलै बच्न सकिन्छ ।

स्वस्थ मुटुका लागि खानपानले मुख्य भूमिका खेलेको हुनाले हामीले हाम्रो दैनिक आहारमा ध्यान दिनु अत्यावश्यक हुन्छ। मुटुरोगकै निवारणका लागि आजभोलि 'मेडिटेरियन डाइट' निकै प्रचलित र फाइदाजनक रहेको मानिएको छ । यस प्रकारको डाइटमा प्रशस्त मात्रामा फलफूल, तरकारी, चोक्करसहितका अन्न, गेडागुडी, नट्सको प्रयोग बढाउने तथा माछा मासु र दुग्धजन्य खाद्यान्नलाई कम वा नियन्त्रित मात्रामा खान प्रोत्साहन गरिन्छ ।

# भोको बस्दा स्वास्थ्यलाई फाइदा कि हानि ?

तौल घटाउन मात्र होइन, स्वस्थ र दीघार्यु रहन पनि उपवास बस्ने चलन बढिरहेको छ । कतिपयले साताको एक दिन, कोही दैनिक १८ घण्टा इन्टर मिटेन्ट फास्टिङ त कोही कम खानमा जोड दिएर भोको रहने अभ्यास गर्छन् ।

### के वास्तवमै यसले फाइदा गर्छ ?

जापानी वैज्ञानिक योशिनोरी ओह्सुमीका अनुसार भोको रहँदा शरीरमा 'अटोफ्याजी' हुन्छ । 'अटोफ्याजी' भनेको कोषहरूले आफ्ना बिग्रिएका वा अनावश्यक तत्वहरूलाई निलेर पुनः प्रयोग गर्ने प्रक्रिया हो, जुन भोक, तनाव वा कोषीय क्षतिमा सक्रिय हुन्छ ।

जब मानव शरीर लामो समयसम्म खानाबाट वञ्चित हुन्छ । यो अवस्थामा शरीरमा खाना नपुगेपछि पुराना, क्षतिग्रस्त वा बिरामी कोषहरूलाई टुक्राउन र पुनःप्रयोग गर्न थाल्छ, जसमा बुढ्यौली र सम्भावित रूपमा क्यान्सर र अल्जाइमर जस्ता रोगहरूसँग सम्बन्धित कोषहरू पनि समावेश हुन्छन् ।

यसले प्राकृतिक शुद्धिकरणका लागि मद्दत गर्छ । मर्मत प्रणालीले खराब भएका कोष, खराब प्रोटिन र मृत माइटोकन्ड्रियालाई हटाउँछ, जसले शरीरलाई भित्रैबाट सफा गर्छ । यो एक यस्तो जैविक संयन्त्र हो, जसले ऊर्जा संरक्षण मात्र गर्दैन, कोष र तन्तुहरूलाई नवीकरण पनि गर्छ । रोग प्रतिरोधी क्षमतालाई बलियो बनाउँछ ।

आवधिक वा इन्टरमिटेन्ट फास्टिङले यो प्रक्रियालाई बढावा दिन सक्छ, जसले शरीरलाई स्फूर्त गर्न मद्दत गर्छ । तर, यो सबैका लागि उपयुक्त हुँदैन ।

यद्यपि, यो प्रक्रिया स्वचालित रूपमा सबै बिरामी, क्यान्सर, अल्जाइमर र बुढ्यौलीका कोषहरूलाई पूर्णरूपले हटाउँदैन । तर, स्वास्थ्यका लागि फाइदाजनक हुन सक्छ ।

### के भन्छ अध्ययन ?

अटोफ्याजीको वैज्ञानिक अवधारणा पहिलोपटक १९६० को दशकमा बेल्जियन वैज्ञानिक क्रिस्टियन डी डुबले प्रस्तुत गरेका थिए । उनले कोषभित्रका संरचनाहरूले आफ्ना भागहरूलाई तोड्ने प्रक्रिया देखे, जसलाई पछि अटोफ्याजी नाम दिइयो ।

*जापानी वैज्ञानिकले बताएअनुसार, उपवासले "अटोफ्याजी" प्रक्रिया सक्रिय पार्छ, जसले कोषहरूलाई पुनः प्रयोग गर्न मद्दत गर्दछ।*

यो प्रक्रिया कोषको स्वास्थ्य कायम राख्न र बिग्रिएका प्रोटिन वा अंगहरूलाई हटाउन महत्वपूर्ण छ । सन् २०१६ मा, योसाकु ओसुमीले गरेको अनुसन्धानका लागि नोबेल पुरस्कार प्राप्त गरे, जसले यसको भूमिकालाई थप स्पष्ट पारे । उनका अनुसार जब मानिस वा जीव भोकको अवस्थामा हुन्छ, शरीरले ऊर्जाको लागि आफ्ना भण्डारण गरिएका पदार्थहरू प्रयोग गर्छ । यस्तो अवस्थामा अटोफ्याजी सक्रिय भइ कोषहरूले आफ्ना बिग्रिएका भागहरूलाई तोडेर ऊर्जा उत्पादन गर्छ ।

यो प्रक्रियाले कोषीय सफाइको काम गर्छ, जसले बिरामी वा कमजोर कोषहरूलाई हटाउन सक्छ । क्यान्सर र अटोफ्याजीको सम्बन्ध भने जटिल छ । यसबारे केही अध्ययन भएका छन् । कुनै अध्ययनले देखाए अनुसार अटोफ्याजीले क्यान्सर कोषहरूको वृद्धिलाई नियन्त्रण गर्न सक्छ, किनभने यो प्रक्रियाले क्यान्सर कोषहरूलाई पनि मार्न बाध्य पार्छ ।

तर, केही अध्ययनले भने क्यान्सर कोषहरूलेहरुलाई आफ्नो वृद्धिका लागि प्रयोग गर्न सक्छन्, विशेषगरी जब बाह्य पोषक तत्वहरू कम हुन्छन् । त्यसैले, यो दुवै तरिकाले काम गर्न सक्छ, जुन क्यान्सर को प्रकार र चरणमा निर्भर गर्छ ।

### अल्जाइमर र बुढ्यौलीका कोष

अल्जाइमरमा, मस्तिष्कमा बिग्रिएका प्रोटिनहरू (जस्तै एमल्याइड बेटा जम्मा हुन्छन्, जुन अटोफ्याजीको कमीले बढ्छ । अध्ययन अनुसार भोक वा



क्यालोरी प्रतिबन्धले अटोफ्याजीलाई बढावा दिँदा यस्ता प्रोटिनहरू हट्न सक्छन्, जसले मस्तिष्क स्वास्थ्यमा सुधार ल्याउन सक्छ ।

बुढ्यौलीका कोषहरू कोष विभाजन गर्न नसक्ने तर मर्न पनि नसक्ने अवस्थामा हुन्छन् । यी पनि यही प्रक्रियाले घट्न सक्ने उल्लेख छ । यसरी घट्दा उमेरसम्बन्धी रोगहरू कम गर्न सक्छ ।

चिकित्सा विज्ञानले यो प्रक्रियालाई स्वास्थ्य र रोग नियन्त्रणको एक महत्वपूर्ण प्रक्रियाको रूपमा स्वीकार गरेको छ । भोकको अवस्थामा यो प्रक्रिया स्वाभाविक रूपमा सक्रिय हुन्छ, तर यो सबै बिरामी वा हानिकारक कोषहरूलाई हटाउँदैन ।

उदाहरणका लागि, क्यान्सर कोषहरू हटाउन यही अटोफ्याजी मात्र पर्याप्त हुँदैन; यो प्रक्रियालाई औषधिसहित प्रयोग गर्नुपर्ने हुन सक्छ ।

फास्टिङ वा उपवासले क्यालोरी कटौती गर्दा अटोफ्याजीलाई बढावा दिने चिकित्सा अध्ययनहरूले देखाएका छन् । उदाहरणका लागि, १६ घण्टा भोक र ८ घण्टा खानाको समय) वा इन्टरमिटेन्ट फास्टिङले कोषीय सफाइमा सहयोग पुऱ्याउँछ । यी विधिले मेटाबोलिक स्वास्थ्यलाई राम्रो बनाउँदै लान्छ । तर, यो प्रक्रियालाई नियन्त्रित र चिकित्सकको सल्लाहबिना प्रयोग गर्दा हानि पनि पुग्न सक्छ ।

विशेषत पहिला नै रोगप्रतिरोधी क्षमता कम भएको अवस्थामा यो अभ्यास जथाभावी गर्दा स्वास्थ्य अवस्था झन बिग्रिन सक्छ । अल्जाइमर र स्नायु सम्बन्धी रोगहरूको उपचारमा अटोफ्याजीलाई लक्षित गर्ने अनुसन्धान भइरहेको छ ।

मस्तिष्कमा प्रोटिन जम्मा हुनबाट रोक्न र कोषीय स्वास्थ्य सुधार गर्न यो प्रक्रिया उपयोगी देखिएको छ । यद्यपि, यो अध्ययन अझै प्रारम्भिक चरणमा छ र मानवमा ठोस नतिजा आउन बाँकी छ ।

बुढ्यौली र उमेरसम्बन्धी रोगहरूको नियन्त्रणमा अटोफ्याजीको भूमिका पनि महत्वपूर्ण छ । सेनोलाइटिक्स नामक औषधिहरू, जुन बुढ्यौलीका कोषहरू हटाउँछ, अटोफ्याजीलाई बढावा दिने तरिकाबाट काम गर्छन् । यी औषधिहरूले हड्डीको स्वास्थ्य, मांसपेशीको कार्य र मुटु रोगको जोखिम कम गर्न सक्छन्, जुन हाल परीक्षण चरणमा छन् ।

### सावधानी आवश्यक

भोकको समयमा शरीरले आफैंलाई खान्छ भन्ने सत्य हो, तर यो प्रक्रियामा सबै हानिकारक कोषहरूलाई हटाउँदैन । लामो समयसम्मको भोकले मांसपेशी र अंगहरूमा नकारात्मक प्रभाव पार्न सक्छ, जसले स्वास्थ्यलाई हानि पुऱ्याउँछ ।

चिकित्सा विज्ञान अनुसार अटोफ्याजीलाई बढावा दिनका लागि सन्तुलित खानपान र नियन्त्रित उपवास उपयुक्त हुन्छ, तर यो सबैका लागि उपयुक्त नहुन सक्छ । गर्भवती महिला, बालबालिका, वृद्धवृद्धा, वा दीर्घ रोगीहरूले चिकित्सकको सल्लाहबिना उपवास गर्नुहुँदैन ।

### बेरूजु बढे .... .. .

रहे मात्रै बेरूजु घट्ने अपेक्षा गर्न सकिन्छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २ (त) मा प्रचलित कानुन र सार्वजनिक कारोबारमा आकर्षित हुने सम्बन्धित अन्य सम्पूर्ण कानुनको परीधिभित्र रहेर काम गरे बेरूजु न्यून गर्न सकिन्छ । संघीय, प्रदेश र स्थानीय सरकार, सरकारी कार्यालयहरू, संगठित संस्था, समिति र सम्बन्धित अन्य सबै संस्था र ती संस्थाका सबै जिम्मेवार पदाधिकारीले सार्वजनिक उत्तरदायित्वबोध गर्ने र प्रचलित कानुनको पालना गर्ने हो भने बेरूजु घटाउन सकिन्छ । त्यो उत्तरदायित्वबोध गराउन सरकारी संयन्त्र सक्षम भए आर्थिक अनुशासनहीनताको गुन्जाइस रहँदैन र बेरूजु पनि बढ्दैन ।

नगरौं विवाहका कुरा:
भएको छैन बीस वर्ष पुरा
बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।



बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।
"सानै छु बढन देउ, विवाह हैन पढन देउ"
थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर झान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# थाहानगरमा भूमि समस्या समाधान गर्न जग्गा नापजाँच प्रक्रिया सुरू



◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका-४, स्थित सिम्भन्ज्याङमा भूमि समस्या समाधान गर्न जग्गा नापजाँच प्रक्रिया सुरू भएको छ । दलित, भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबास गरिरहेका स्थानीयको भूमिसम्बन्धी लामो समयदेखि अल्झिएको समस्याको समाधानका लागि जग्गा नापजाँच प्रक्रिया सुरू गरिएको हो ।

भूमि आयोग मकवानपुरले यो विषयमा बैठक आयोजना गरेर प्रक्रिया अगाडि बढाएको जनाएको छ । थाहानगर प्रमुख विष्णुबहादुर बिष्टको अध्यक्षता एवम् भूमि समस्या समाधान आयोग मकवानपुरका अध्यक्ष बलराम बलको प्रमुख आतिथ्यतामा बैठक बसेको हो । यसअघिकै भूमि आयोगले पनि सीमभञ्ज्याङको नापँजाच गरेर प्रमाणित गरेको भएपनि त्यसलाई प्रक्रिया पुरा नभएकोले सर्वे गरेर प्रक्रिया पुरा गरिने काम सुरु भएको हो ।

वि.सं. २०११ सालदेखि बसोबास गर्दै आएको भएपनि कित्ताकाट नभएका, मालपोतमा दर्ता नभएका जग्गाको यकिन गर्न सर्वेको काम सुरू गरिएको आयोग मकवानपुरकी सदस्य दिलु घर्तीले जानकारी दिइन् । 'फाइल छ तर, स्रेस्ता, लगत नभेटिएको हुँदा हामीले पुन काम सुरु गरेका हौं'-उनले भनिन् । वडा नम्बर ४ मा करीब २५० जना त्यस्ता अव्यवस्थित एवम् सुकुमबासीको बसोवास रहेको उनले बताइन् । बैठकले नगर प्रमुख बिष्टको संयोजकत्वमा १४ सदस्य भूमि समस्या समाधान सहजिकरण समिति गठन गरेको छ । समितिले भूमि समस्या समाधानका लागि खटिएका प्राविधिकलाई नापनक्सा कार्यका लागि सहजिकरण र सहयोग गर्ने बताएको छ ।

यस्तै नापनक्साका लागि खटिएका प्राविधकका लागि आवश्यक बन्दोबस्ती वडा नम्बर ४ कार्यालय तथा थाहा नगर पालिकाले गर्ने भएको छ । बैठकमा आयोगका सदस्य कविन सांगामी, अर्जुनप्रसाद चौलागाइ, रघुवंश कँडेल, सदस्य सचिव खिमबहादुर राना, पूर्वसदस्य अरूण रायमाझी, ४ नम्बर वडा अध्यक्ष नारायणा लामालगायतको उपस्थिति थियो ।

# मकवानपुरको १० पालिकामा १० महिनामा ४ सय ५८ किशोरी आमा बने

◆ विकास संवाददाता

मकवानपुरमा चालू आर्थिक वर्षको १० महिनामा चार सय ५८ जना किशोरी आमा बनेका छन् । जिल्लाको १० पालिकामा यसत धेरै किशोरीहरू आमा बनेका हुन् । जनस्वास्थ्य कार्यालय मकवानपुरले २२ जेठमा गरेको स्वास्थ्य अभिमुखीकरण कार्यक्रममा यो जानकारी दिइएको हो ।

कार्यालयले दिएको तथ्यांकअनुसार जिल्लाभर चार हजार एक सय २७ जना सुत्केरी भएकोमा ११ दशमलव शून्य ६ प्रतिशत २० वर्षमुनिका रहेका छन् । जनस्वास्थ्य कार्यालयका प्रमुख कृष्ण मिजारका अनुसार गत आर्थिक वर्षमा १० दशमलव ९३ प्रतिशत किशोरी आमा बनेको तथ्यांक छ । तथ्यांक अनुसार गत आर्थिक वर्ष भन्दा चालू आर्थिक वर्षको १० महिनाको अवधिमा २० वर्ष भन्दा कम उमेरमा आमा बन्नेको संख्यामा वृद्धि भएको देखिएको छ । गत आवमा कुल चार हजार ४ सय ३० सुत्केरी भएका थिए । मकवानपुरमा रहेका १० वटा स्थानीय तहमध्ये सबैभन्दा बढी रक्सिराङमा कम उमेरमा आमा बन्नेको संख्या रहेको कार्यालय प्रमुख मिजारले बताए । कुल सुत्केरी भएकामध्ये २४ दशमलव ११ प्रतिशत २० वर्ष मुनिका रहेका छन् ।

बागमतीमा २३ दशमलव ०४ प्रतिशत, बकैयामा १७ दशमलव ११ प्रतिशत, भीमफेदीमा १७ दशमलव शून्य ७ प्रतिशत किशोरी आमा बनेका छन् । त्यस्तै, कैलाशमा १५ दशमलव ५६ प्रतिशत, थाहा नगर पालिकामा ११ दशमलव ५९ प्रतिशत २० वर्ष नपुग्दै आमा बनेका छन् । मकवानपुरको बालमैत्री घोषणा भएका स्थानीय तहमा पनि कम उमेरमा आमा बनेका छन् । मनहरी गाउँपालिकामा १६ दशमलव शून्य ५ प्रतिशत, मकवानपुरगढीमा २३ दशमलव १६ प्रतिशत र हेटौंडा उपमहानगर पालिकामा ८ प्रतिशत २० वर्षमुनिका आमा बनेका तथ्यांक रहेको छ ।

# सडक मानवमुक्त राष्ट्र घोषणाका लागि थाहा सरकारको प्रतिवद्धता

◆ विकास संवाददाता

सहयोगापेक्षी सडक मानवमुक्त राष्ट्र नेपाल घोषणा गर्न मकवानपुरको थाहा नगरपालिकाले प्रतिवद्धता जनाएको छ । पालिकालाई सहयोगापेक्षी सडक मानवमुक्त राष्ट्र नेपाल घोषणा गर्न मानवसेवा आश्रमले सहकार्यका लागि प्रस्ताव पेश गरेको थियो । थाहानगरले आश्रमसँग सहकार्य गर्दै सहयोगापेक्षी सडक आश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माण घोषणा र कार्यान्वयनको लागि प्रतिवद्धता जनाएको हो ।



मानवसेवा आश्रमले मानवता प्रवर्द्धन महाअभियानमा गरेको योगदान प्रशंसनीय रहेको बताउँदै आगामी बजेटमा आश्रमको स्तरउन्नतिको निम्ति सहयोग गर्ने नगर प्रमुख विष्णु बहादुर विष्टले बताए । त्यस्तै, उनले थाहा नगरपालिका क्षेत्र र पुरै नेपाललाई नै सहायोगापेक्षी सडक मानवमुक्त बनाउने कार्यमा आश्रमसँग आवश्यक सहकार्य गर्न प्रतिवद्ध रहेको बताए ।

सडक मानवको उद्दार, संरक्षण र पुनःस्थापनामा संलग्न संघसंस्थासँग समन्वय र सहकार्य गरी वि.स. २०८२ सम्ममा नेपाललाई सडक मानवमुक्त बनाइनेछ भन्ने नेपाल सरकारको घोषणा कार्यान्वयन गर्न ऐक्यवद्धता रहेको पत्रमा उल्लेख छ । सोही समयमा पालिका र आश्रमबीच स्नेहमिलन कार्यक्रम भएको थियो । कार्यक्रममा नगर उपप्रमुख भरत गोपाली, ३ नम्बर वडाध्यक्ष हिरेन्द्र कुमार रायमाझी, ७ नम्बर वडाध्यक्ष शिवराज थिङ, ८ का अध्यक्ष हेम लामा लगायत विभिन्न संघसंस्थाको प्रतिनिधिको सहभागिता रहेको थियो ।

# हेटौंडामा २० करोडको लगानीमा खानेपानी आयोजना निर्माण हुने

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिका र संघीय सरकारको सहलगानीको हेटौंडामा २० करोड रूपियाँ भन्दा बढिको लगानीमा खानेपानी योजना निर्माण हुने भएको छ । उपमहानगरापलिकाको ९, १४ र १५ नम्बर वडा लक्षित गर्दै सिमलटार-रातोमाटे सहलगानी खानेपानी योजना अन्तरगत ठुलो लगानीको काम हुने भएको हो । २३ जेठमा हेटौंडा उपमहानगर पालिका, संघीय खानेपानी योजना र निर्माण पक्ष बिच त्रिपक्षीय सहमती पत्रमा हस्ताक्षर भएको छ ।

हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले तयार पारेको ८२ करोडको वातावरणीय प्रभाव मुल्याङ्कन अन्तरगत रहेर संघीय सरकारले हेटौंडा उपमहानगरपालिका लक्षित गर्दै खोलेको ठेक्कामा अनुसार निर्माण पक्षले २० करोड ५६ लाख रूपियाँमा २ वर्ष भित्र निर्माण सम्पन्न गर्ने गरी काम अघि बढाउने सम्झौता भएको छ ।

उपमहानगरपालिका कार्यालयमा भएको सम्झौता पत्रमा नगर प्रमुख मीनाकुमारी लामा, संघीय खानेपानी योजना प्रमुख पुर्णप्रसाद उपाध्याय, हेटौंडा खानेपानी बोर्डका अध्यक्ष प्रताप विष्ट र निर्माण पक्ष जयमाता सुप्रीम जेभीका कृष्णहरी चौलागाईले हस्ताक्षर गरेका छन् । सम्झौता अनुसार उपमहानगरको ३० र संघिय योजनाको ७० प्रतिशत लगानी रहनेछ । २० करोड ५६ लाखको लगानीमा हेटौंडा-९ को बेदखोल्सिमा ६ लाख लिटर, हेटौंडा-१५ पिसपार्कमा २ लाख लिटर र हेटौंडा-१४ मा २ लाख लिटरको खानेपानी टंकी निर्माण गरीने छ भने हेटौंडा-१४ मै २ वटा सामवेल बनाउने सम्झौतामा उल्लेख छ । योजना अनुसार हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले प्रयोगमा ल्याएको सामरीको समवेलको पानीलाई ३ करोड रूपियाँ खर्चेर यहि योजनामा समावेस गर्ने बताइएको छ ।

योजना सम्झौतामा नगर प्रमुख लामाले निर्माणको कामलाई गुणस्तरीय बनाउँदै नगरवासीलाई चाडै खानेपानीको व्यवस्थापन मिलाउने कामम लाग्न निर्माण पक्षलाई सुझाव दिइन् । योजना निर्माण हुने क्षेत्र मध्य दुई वटा वडा १४ र १५ पछि उपमहानगरापालिकामा समाबेश भएको क्षेत्र भएकाले त्यहाँका जनतालाई खानेपानीको सुबिधा दिने काममा उपमहानगर पछि नपर्ने गरी काममा लाग्न निर्देशन दिइन् । उनले भनिन्-'तोकिएको समयमा कामलाई सम्पन्न गर्ने गरी लाग्न जरूरी छ ।'

सम्झौतामा हेटौंडा उपमहानगरपालिकाका नगर उपप्रमुख राजेश बानियाँ, उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत भरत गौतम, खानेपानी बोर्डका कार्यकारी निर्देशक बिष्णुप्रसाद सापकोटा, योजनाका इन्जिनियर प्रदिप यादव, लेखा अधिकृत कपिल अर्याल, प्रबिधिक अजित चौलागाई, बोर्डका लेखा प्रमुख सज्जय न्यौपाने लगाएको अन्य प्रतिनिधीको उपस्थिती थियो ।

# इन्द्रसरोवरमा अध्यक्षकप खेलकुद प्रतियोगिता सऱ्यो

◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिका खेलकुद विकास समितिको आयोजनामा हुने 'अध्यक्ष कप महिला भलिबल तथा पुरुष फुटबल प्रतियोगिता'को मिति सरेको छ । यसअघि खेलकुद विकास समिति इन्द्रसरोवरको ८ जेठको निर्णयानुसार २३ जेठबाट प्रतियोगिता हुने भनिएकोमा अब २६ जेठबाट हुने भएको हो । खेलकुद विकास समिति इन्द्रसरोवरको २१ जेठको निर्णय अनुसार २६ गतेबाट प्रतियोगिता हुने अध्यक्ष रत्नबहादुर थापाले जानकारी दिए ।

प्रतियोगिता इन्द्रसरोवर गाउँपालिका वडा नम्बर २ को हेवी खेल मैदानमा हुने भएको छ । प्रतियोगितामा भाग लिने टिमहरूले २५ जेठसम्म कार्यालय समयभित्र टिम दर्ता गर्नका लागि २१ जेठमै पुनः सूचना प्रकाशन गरिएको छ ।

प्रतियोगितामा पुरुष फुटबलतर्फ प्रथम हुने टिमले नगद १ लाख र उपविजेता हुनेले टिमले ५० हजार, ट्रफी, मेडल प्रमाणपत्र पुरस्कार पाउने भएका छन् ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७५३३००

# जातीय विभेद् तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवसमा विकास घरमा अन्तरक्रिया

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकाले जातीय विभेद् तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवसका अवसरमा अन्तरक्रिया कार्यक्रम गरेको छ । शिखरकोटको विकास घरमा भएको अन्तरक्रियामा सहभागीहरूले जात व्यवस्थाको अन्त्य गर्दै समतामूलक समाजको निर्माण बारेमा धाराणाहरू राखेका थिए । सहभागी दलित अगुवाहरूले उजुरीका रूपमा हेर्दा थाहा नगरमा जातीय विभेद नदेखिए पनि व्यक्ति र समुदाय पिच्छेका व्यवहारमा विभेद बढ्दै गएको उल्लेख गरे । उनीहरूले स्थानीय सरकार भौतिक विकास केन्द्रित मात्र नभई सामाजिक रूपान्तरण तर्फ केन्द्रित हुन सुझाव पेश गरे ।

थाहा नगरपालिकाका नगर प्रमुख विष्णु बहादुर विष्टले नेपालको संविधानको मर्मअनुसार जातीय विभेद अन्त्यमा अपेक्षित उपलब्धी हासिल नहुनुमा सबैको दोष रहेको सुनाए । दलित दलित बीचको विभेद अझै कायम छ । दोषारोपण गर्ने, कानुन रट्ने भन्दा संकीर्ण सोचको अन्त्य गरेको खण्डमा सबैखाले विभेद अन्त्य हुने उनको भनाइ थियो । दलित मुक्ति मोर्चाका प्रदेश नेता जमिन दियालीले दलित मुक्तिका लागि जनसंख्याको अनुपातमा सत्तामा दलितको प्रतिनिधित्व हुने सुनिश्चितता नै मुख्य मुद्दा भएको बताए । दियालीले भने-'राज्य सत्ताभन्दा बाहिर बसेर छुवाछुतको युगीन दासत्व



र अन्यायको विष पिएर बाँच्दै आएको समाजको असमान संरचनालाई दलितले बदल्नै सक्दैन ।' थप्छन्-'दलितलाई सत्ताबाहिर राखेर समाजमा शासक वर्गले देखाउने भँडुवा विकासको नाराले दलितको जीवनस्तर परिवर्तन हुनै सक्दैन ।'

नेकपा एमाले नगर अध्यक्ष सुरेन्द्रमान प्रधानले जातीय विभेदविरूद्ध थुप्रै कानुन निर्माण भएपनि कार्यान्वयनमा चुनौती देखिएको बताए । माओवादी नगर अध्यक्ष बिनोद कुमार लामाले कानुनले मात्रै सामाजिक कुरीति अन्त्य सम्भव नभएकोले समाज रूपान्तरणका लागि विभेदरहित सोचको विकास गर्न जरूरी रहेकोमा जोड दिए । अन्तरक्रियामा सहभागीहरूले कानुनमा जातीय विभेद अन्त्य भएपनि जनचेतनाको अभाव, गरिबी, दलित अधिकारकर्मीहरूकै निष्क्रियताका कारणले व्यवहारमा जातीय विभेद ज्युँका त्युँ रहेको बताएका थिए ।

नगर दलित संजालका संयोजक अर्जुन सुनारको अध्यक्षतामा सम्पन्न कार्यक्रममा थाहा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत सुरेन्द्र प्रधान, थाहा ३ का अध्यक्ष हिरेन्द्र कुमार रायमाझी, फरक सोचका यादव रायमाझी, पालुङ क्याम्पसका क्याम्पस प्रमुख राजन मिश्र, ईलाका प्रहरी कार्यालय पालुङका प्रमुख सविन बाबू अर्याल, थाहानगरका सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, पालुङ बहुउद्देश्यीय सहकारी का अध्यक्ष कृष्ण बहादुर बिष्ट, माओवादी जिल्ला सदस्य अरूण रायमाझी लगायत विभिन्न राजनैतिक दलका प्रतिनिधि, दलित जनप्रतिनिधिलगायतका उपस्थिति रहेको थियो ।

कार्यक्रम केशव सुनारले संचालन गरेका थिए भने अशोक खातीले स्वागत गरेका थिए ।

# थाहानगर प्लाष्टिकजन्य झोलाको विकल्पमा जाँदै

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाका १७ जना महिलाले वातावरणमैत्री झोला बनाउने तालिम लिएका छन् । थाहा नगरपालिका तथा थाहानगर उद्योग वाणिज्य संघको व्यवस्थापनामा भएको तालिम उद्योग तथा वाणिज्य कार्यालय हेटौंडाको आयोजनामा भएको हो । सहभागीहरूले ३० दिनसम्म तालिम लिएका हुन् ।

झोला निर्माण सम्बन्धी तालिमको २१ जेठमा एक कार्यक्रमको आयोजना गरी समापन गरिएको छ । कार्यक्रमका प्रमुख अतिथी तथा थाहानगर प्रमुख विष्णु बहादुर विष्टले वातावरणमैत्री झोलाको बजारीकरणमा नगरपालिका सहयोगीको रूपमा रहने बताए । विष्टले प्लास्टिकजन्य पदार्थको विकल्पको रूपमा यस्ता झोलाको प्रयोगलाई प्रवर्द्धन गर्नु आवश्यक रहेको उल्लेख गर्दै, यस्तो सीपले महिला स्वरोजगारमा टेवा पुर्‍याउने विश्वास व्यक्त गरे ।

नगरप्रमुख बिष्टले प्रदेश सरकार, स्थानीय सरकार र उद्योग वाणिज्य संघबीचको सहकार्यबाट सीपमूलक तालिमहरू भए तापनि अपेक्षित दक्ष जनशक्ति उत्पादनमा कमी देखिएको टिप्पणी गर्दै अब व्यवहारिक कार्यान्वयनमा ध्यान दिनुपर्ने धारणा राखे । साथै, उनले वातावरणीय सरसफाइ र मानवस्वास्थ्यको दृष्टिले प्लास्टिकको विकल्पमा यस्ता झोला प्रभावकारी हुने बताए । वडा नम्बर ३ का अध्यक्ष तथा थाहा नगरपालिका आर्थिक विकास समिति संयोजक हिरेन्द्रकुमार रायमाझीले सिकिएको सीप व्यवहारमा उतार्न आग्रह गर्दै स्वच्छ र समृद्ध नगर निर्माणमा सबैको सक्रियता आवश्यक रहेको बताए ।

प्रशिक्षार्थीहरूको तर्फबाट बोल्दै नानू बिकले तालिमबाट प्राप्त सीपलाई व्यवहारमा प्रयोग गर्न तयार रहेको बताउँदै आगामी दिनमा अझ गहिरो र प्राविधिक सीप सिकाउने अवसरको माग गरिन् । कार्यक्रममा थाहा नगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरूषोत्तम ढकालले संघले सामाजिक उत्तरदायित्व अन्तर्गत यस्ता कार्यक्रमहरूलाई प्राथमिकतामा राख्दै आएको जानकारी गराए ।

तालिम समापन समारोह उद्योग तथा वाणिज्य कार्यालय हेटौंडाका प्रमुख रामप्रसाद भुषालको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कोषाध्यक्ष कविराज खत्री, थाहा नगर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष शम्भु सिंह कार्की, प्रशिक्षक आरती श्रेष्ठ, र उद्यम विकास सहजकर्ता लेखमान र ाउतको समेत उपस्थिति रहेको थियो । तालिमले थाहा नगरपालिकामा वातावरण संरक्षण र महिला सशक्तिकरणमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ ।



# थाहा-८ र कैलाश गाउँपालिकाको सीमानामा 'जुरेथुम पर्यटन पार्क'को उद्घाटन

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ८ र कैलाश गाउँपालिकाको सीमानामा रहेको जुरेथुम पर्यटन पार्कको उद्घाटन गरिएको छ । यो पार्क थाहा ८ सहित कैलाश गाउँपालिकाको ५ र ६ नम्बर वडा क्षेत्रमा पनि फैलिएको छ । यसअघि उक्त स्थानलाई दामगाडे टावर डाँडा नाबाट परिचित सो स्थानमा पार्क बनाइएको हो ।

उद्घाटन अघि सो पार्कमा नेपालको झण्डा, सिमेन्टको कुर्सी र पर्यटकलाई आकर्षित गर्ने अन्य संरचनाहरू निर्माण गरिएको थियो । पार्कको कैलाश गाउँपालिकाका उपाध्यक्ष बालकुमार मल्लले उद्घाटन गरेका हुन् । कार्यक्रममा थाहा नगरपालिका वडा नम्बर ८ का वडा अध्यक्ष हेमकुमार थिङ र कैलाश गाउँपालिका वडा नम्बर ६ का वडा अध्यक्ष रामबहादुर गोङ्वाको विशेष आतिथ्यता रहेको थियो । कैलाश गाउँपालिका तथा थाहा नगरपालिका वडा नम्बर ८ को समेत लगानी रहेको सो पार्क उद्घाटन कार्यक्रम सुनिल लामाको सभाध्यक्षतामा भएको हो ।

कार्यक्रममा प्रमुख अतिथि कैलाश गाउँपालिका उपाध्यक्ष मल्लले दुई पालिकाको साझा पर्यटकीय गन्तव्य बनाउनको लागि पार्कले सहयोग पुर्‍याउने उल्लेख गरे । उनले पालिका-पालिकाबीचको सहकार्यमा विकासका काम गर्न सकिन्छ भन्ने उदाहरण यहि कामले दिएको धारणा राखे । थाहा-८ का वडाध्यक्ष हेम कुमार थिङले स्थानीय जनप्रतिनीधिहरू विकासका लागि अघि सरिरहँदा प्रदेश र संघका नेतृत्वले विकासे काममा सहयोग नगरेको आरोप लगाए । उनले दामन डाँडाबास-दुम्सीखर्क-मनहरी लोथर सडकको स्तरीकरणका लागि आश्वासन बाहेक केही नपाएको दुखेसो गरे । अध्यक्ष थिङले भने-'ठूला नेताहरू आउँछन् बोल्छन्, काम गर्दैनन्, तर दुःख स्थानीयहरूले पाउने गरेका छन् ।' कार्यक्रममा सुनिल लामाले यस पार्क निर्माण गर्दै गर्दा धेरै कठिनाइहरू भएता पनि काम सम्पन्न भएकोमा खुशी व्यक्त गरे ।

कार्यक्रममा थाहा नगरपालिका वडा नम्बर ८ की सदस्य कान्छीमाया वाइबा, कैलाश गाउँपालिकाका तुलराज मगर र विभिन्न दलका व्यक्तित्वहरूको उपस्थिती रहेको सो कार्यक्रमका अतिथीहरूलाई स्थानीयले नौमती मगर बाजा बजाएर स्वागत गरेका थिए । कार्यक्रम सञ्चालक सजेश घलानले गरेका थिए ।

# अध्यक्षमा रायमाझी निर्वाचित

◆ विकास संवाददाता



मोवाईल एशोसिएसन अफ नेपाल उत्तरी क्षेत्र मकवानपुरको अध्यक्षमा निरज रायमाझी निर्वाचित भएका छन् । २४ जेठमा सम्पन्न ९औं वार्षिक साधारण सभाबाट रायमाझीको अध्यक्षतामा ९ सदस्यीय नयाँ समिति निर्विरोध निर्वाचित भएको हो ।

सभाले उपाध्यक्षमा गणेश विष्ट, सचिवमा सुबिन्द्रमान प्रधान, कोषाध्यक्षमा पशुपती बिष्ट चयन भएका छन् । यसैगरी सदस्यमा तारा लामा, हिरा र ायमाझी, फणीन्द्र नाथ सुवेदी, माधव पन्थ र प्रमोद रौनियार चयन भएका छन् । एशोसिएसनको अध्यक्ष रोशन रायमाझीको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष गोकर्ण बरूवालको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

२०७२ सालमा गोकर्ण बरूवालको अध्यक्षतामा स्थापना भएको म्यान उत्तरी क्षेत्र समितिमा यस अघि रोशन रायमाझी अध्यक्ष रहेका थिए ।



# तसरको दुर्गादेवीका १ सय ७० विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ५ तसरको दुर्गादेवी आधारभूत विद्यालयका १ सय ७० विद्यार्थीले शैक्षिक सामग्री सहयोग पाएका छन् । 'मानवताको लागि सहयोग' नामक सामाजिक संस्था मार्फत बाल विकासादेखि कक्षा ९ सम्म अध्ययनरत विद्यार्थीहरूले सहयोग सामग्री पाएका हुन् ।

विद्यालयका शिक्षक हिराचन थापाका अनुसार संस्थाले आवश्यक कापी, कलम, झोला लगायतका सामग्री वितरण गरेको हो। शैक्षिक सामग्रीले विद्यार्थीको पढाइमा थप सहजता आउने विश्वास लिएको थापाले प्रतिक्रिया दिए । विद्यालयको प्रांगणमा आयोजित वितरण कार्यक्रममा संस्थाका अध्यक्ष मधुसूदन ध्वज खड्का, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष



कृष्ण लामा, शिक्षक, अभिभावक तथा स्थानीयको उपस्थिति थियो ।

संस्थाका अध्यक्ष खडकाले शिक्षा नै दीर्घकालीन परिवर्तनको माध्यम भएकोले ग्रामीण विद्यालयहरूमा यस्ता सहयोग कार्यक्रमलाई प्राथमिकता दिइएको बताए। स्थानीय अभिभावकहरू तथा विद्यालय प्रशासनले संस्थाको प्रशंसा गर्दै योगदानप्रति धन्याद दिएका छन् ।

# हेटौंडामा धान पकेटक्षेत्रमा यान्त्रिकउपकरण वितरण

◆ विकास संवाददाता

स्थानीय रैथाने बीउको संरक्षण गर्ने उद्देश्यअनुरूप हेटौंडा उपमहानगर पालिकाले क्षेत्र छुट्याएर थालेको धान पकेटक्षेत्रमा यान्त्रिकरण वितरण गरिएको छ । बागतमी प्रदेश सरकारसँगको सहकार्यमा उपमहानगरपालिकाले हेटौंडा–१७ हटियामा रहेको सानाकिसान कृषि सहकारी संस्थामा रहेर धानखेती गरिरहेका किसानलाई उपकरण बितरण गरेको हो । पकेटक्षेत्रका लागि चालु आर्थिक वर्षमा उपमहानगरले १३ लाख रूपैयाँ खर्चेर कार्यक्रम अघि बढाएको हो ।

२१ जेठमा उपमहानगरप्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्यतामा उपकरण वितरण गरिएको थियो । हेटौंडा उपमहानगरबाट धान पकेट कार्यक्रमअनुसार खरिद भएका उपकरण अनुदानमा वितरण गरिएको हो । उपमहानगरले १ सय ५५ वटा इलेक्ट्रिक स्प्रे, १ सय ६० वटा त्रिपाल, ६ जना किसानलाई हाते ट्रयाक्टर, ५ जना किसानलाई कम्बाइन राईस मिल, १० वटा पानीतान्ते मोटर, २ वटा डिजिटल काँटा वितरण गरेको हो । सामग्री बितरण गर्दै नगरप्रमुख लामाले उत्पादनसँग जोडेर जान जरूरी रहेको बताइन् । उपमहानगर कृषिको विभिन्न पाटोमा जोड्दै नगरका बिभिन्न क्षेत्रलाई पकेटक्षेत्रको रूपमा अघि बढाउने योजनासहित अघि बढेको बताइन् । उनका अनुसार अहिले हेटौंडाबाट धेरै कृषिउत्पादन देशका बिभिन्न ठाउँमा बिक्रीका लागि जाने गरेको उनको भनाई थियो ।


चालु आर्थिक वर्ष र आगामी आर्थिक वर्ष २०८२/८३ गरी दुई वर्ष सञ्चालन हुने कार्यक्रममा किसानलाई धान खेतीसम्बन्धी दुईवटा तालिम सहित ७ मेट्रिकटन धानको रैथाने (स्थानीय जातको) बीउ बितरण गरिएको छ । सहकारीका अनुसार अहिले कार्यक्रममा सहभागी भएका किसानलाई ४ टन मकवानपुरे छोटे र ३ टन रामधान बीउ उत्पादनका लागि बितरण गरिएको छ । सानकिसान कृषि सहकारी संस्थाका अध्यक्ष कमला श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका–१७ का अध्यक्ष उद्धव सत्याल, वडासदस्य नबराज न्यौपाने, उपमहानगरपालिका आर्थिक विकास महाशाखा प्रमुख जगन्नाथ सापकोटा, कृषि शाखाप्रमुख प्रदीप रेग्मी, महिला उद्यमी गीता कडरीया मैनालीलगायतको उपस्थिती थियो ।

# हेटौंडा सरकारको चालु आर्थिक वर्षको वित्तीय प्रगती ४९.६९ प्रतिशत

◆ विकास संवाददाता

हेटौँडा उपमहानगरपालिकाले बजेट यही जेठ १२ गतेसम्ममा चालु आर्थिक वर्षको लागि विनियोजित बजेटको ५० प्रतिशतभन्दा कम खर्च गरेको छ ।

आर्थिक वर्ष २०८१/०८२ को १२ जेठसम्ममा कुल अनुमान गरिएको व्यय तर्फ ४९.६९ प्रतिशत अर्थात एक ४१ करोड ३५ लाख ७३ हजार ५५५ रूपियाँ खर्च भएको हो । चालु आवका लागि दुई अर्ब ७२ करोड रूपियाँ बजेट विनियोजनभएको छ । कुल अनुमान गरिएको आय तर्फ संघीय सरकारबाट प्राप्त अनुदान, प्रदेश सरकारबाट प्राप्त अनुदान र आन्तरिक श्रोत गरी ६७.०१ प्रतिशत अर्थात एक अर्ब ९० करोड ६१ लख १६ हजार ४४८ रूपियाँ आम्दानी गरिएको बताइन्छ ।




## मनसुनजन्य विपद्बाट बच्ने उपाय !

- आपतकालीन अवस्थामा चाहिने सामग्री सुरक्षित रुपमा भण्डारण गरौँ,
- बाढीको सम्भावना भएको बेला सतर्क बनौं र सुरक्षित स्थानमा सरौं,
- पहिरो सम्भावित क्षेत्रमा सकेसम्म यात्रा नगरौं,
- घर बनाउँदा सुरक्षित स्थान, संरचना र प्रविधिको प्रयोग गरौं,
- आपतकालीन झोला (औषधि, पानी, टर्च, सञ्चारका साधनसहित) तयार राखौं,
- विपद् पूर्वतयारी सम्बन्धी तालिममा सहभागी बनौं,
- विपद्पछि भ्रम र डर नफैलाऔं, आधिकारिक सूचना मात्र अनुसरण गरौं,
- सामूहिक सहयोग, सजगता र तयारीले मात्र विपद्बाट हुने क्षति न्यूनीकरण गर्न सकिन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा–२ ● कार्यालय : थाहा–४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी